# स्थानिय सरकार

# दिप्रुङ चुइचुम्मा गाउँपालिका

## याङसोलाटार, खोटाङ

## आ.व. २०७६/०७७ मा गाउँपालिकाबाट सञ्चालन हुने वार्षिक विकाश कार्यक्रम (सशर्त अनुदान समेत)

**गाउँ सभाबाट स्वीकृत मिति: २०७६ साल असार १५**

| | |
|---|---|
| **कृषि तथा पशु विकास** | • निर्वाहमुखी कृषिलाई दिगो एवं व्यवसायीक प्रणालीमा रुपान्तरण गर्ने नीति लिइनेछ।<br>• कृषिमा आधारित उद्योगहरुको विकासका लागि यूवा लक्षित कार्यक्रम सञ्चालन गरि उद्यमीहरुलाई आकर्षित गर्ने नीति लिइने छ।<br>• खेतीयोग्य जमीनलाई बाँझो नराख्न कृषि भूमिको दिगो भूउपयोगको उपयूक्त योजना तयार गरी करार सम्झौता मार्फत जग्गाको आवधिक उपभोग हस्तान्तरण गर्ने नीति लिइनेछ।<br>• वाली उत्पादनको सम्भाव्यताका आधारमा गाउँपालिका भित्रको कृषि भूमिलाई पकेट क्षेत्र घोषणा गरी कृषि उत्पादन संकलन, भण्डारण र खरिद बिक्रीको व्यवस्था गाउँपालिकाको तर्फबाट गरिनेछ।<br>• कृषि उत्पादनको लागत घटाउन कृषि मैत्री औजार, उन्नत प्रविधिको लागि अनुदानको व्यवस्था गर्न एक कृषि उद्यम कोषको स्थापना गरिने छ।<br>• कृषि क्षेत्रमा कार्यरत निजी, सहकारी, सरकारी तथा गैर सरकारी संस्थाहरु विच समन्वय र सहकार्य गर्दै साझेदारीमा काम गर्ने एक साझेदारी समपुरक कोषको स्थापना गरिने छ।<br>• कृषि पेशालाई मर्यादित बनाउन कृषि उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ, यस मार्फत कृषकहरुलाई पुरस्कृत गरि राष्ट्रिय तथा अर्न्तराष्ट्रिय कृषि मेलामा सहभागिता, अवलोकन भ्रमण तथा कृषकका उत्पादनको ब्राण्डिङ गर्ने नीति लिइने छ।<br>• जलवायू परिवर्तनलाई कृषिमा अनुकुलन गर्दै कृषि जैविक विविधताको संरक्षण, संवर्द्धन तथा उपयोगमा वृद्धि गरिने छ।<br>• कृषि उद्यममा आधारित समूह, सहकारी, निजी व्यवसायीहरुलाई व्यवसायीक योजनाहरुको प्रतिस्पर्धा गराई अनुदान दिने नीति लिइने छ।<br>• वैदेशिक रोजगारीबाट फर्केका र स्वदेशमा रहेका यूवाहरुको पहिचान गरि यूवाहरुलाई व्यवसायीक कृषि तथा पशुपालन सम्वन्धी उद्यमशीलता तथा सिपमूलक तालिम सञ्चालन गर्ने नीति लाई निरन्तरता दिइने छ।<br>• आगामी १ वर्ष भित्र नगदे मौसमी खेती गर्नका लागी यस गाउँपालिका भित्रको सवै वडाभित्र माटो परिक्षण गरी व्यवसायीक खेतिको लागी आवश्यक विउ, मल, खाद्य तथा प्रविधिको व्यवस्था गरिने छ।<br>• कृषकहरुको घरदैलोमा आधुनिक कृषि प्रविधि पुऱ्याउन हरेक वडामा कृषि प्राविधिकको व्यवस्थापन गरि अगुवा कृषकहरुको लागि २ वटा कृषक पाठशाला सञ्चालन गरिने छ।<br>• व्यवसायीक पशुपालन, दुग्धजन्य र मासुजन्य उत्पादनलाई आगामी १० वर्ष भित्र बाह्य व्यापारको मुख्य वस्तुको रुपमा स्थापित गरिने छ।<br>• बाख्रापालन, कुखुरा पालन लगायत अन्य पशुपालन व्यवसायको आधुनिकीकरण र व्यवसायीकरण गरिने छ।<br>• स्थानीय विऊविजन जोगाउन विऊविजन बैंक स्थापना गरिनेछ।<br>• कृषकहरुबाट उत्पादित फलफूल तरकारी तथा खाद्य वस्तुहरु लाई कुहेर सडेर जान नदिनका लागि कोल्ड स्टोरको स्थापना गरी व्यवस्थापन गरिने छ। |
| **जलविद्युत तथा उर्जा** | • यस गाँउपालिका क्षेत्रभित्र रहेका नदीनाला र ताल तलैयाहरुको उपयोग मार्फत सम्भावित जलविद्युत शक्तिको लेखाजोखा गर्न एकिकृत जल उपयोग तथा सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गरी दिप्रुङ चुईचुम्माले आफैले पहलमा जलविधुत आयोजना निर्माण नीति लिइने छ।<br>• यहि वर्ष भित्र गाउँपालिकाको सम्पूर्ण वस्तिमा विजुली वत्ती वाली अध्यारोमुक्त गाउँपालिका घोषणा गरिने छ। |

| | |
|---|---|
| स्वास्थ्य | • गाउँपालिका स्तरको अस्पताल स्थापनाका लागि उपयूक्त स्थानको खोजी गरि उपयुक्त स्थानमा अस्पताल निमार्णको थालनी गरिने छ ।<br>• गाउँपालिका स्वास्थ्य सेवा ऐनलाई प्रभावकारी रुपमा लागु गरिने छ ।<br>• ७० वर्ष माथिका बृद्ध बृद्धाहरुलाई घरमै स्वास्थ्य जाँच गर्न घर घरमा स्वास्थ्यकर्मी अभियान सञ्चालन गर्न अझ  प्रभावकारी वनाईने छ ।<br>• निशुल्क स्वास्थ्य सेवा पुऱ्याउदै आउनु भएका स्वास्थ्य स्वयंसेविकाहरुलाई मासिक प्रोत्साहन भत्ताको रुपमा रु ५०० प्रदान गरिएकोमा आगामी वर्ष देखि त्यसमा  २०० वढाई ७०० वनाइने  छ ।<br>• “स्वस्थ वालक समृद्धिको आधार” भन्ने नाराका साथ हरेक घरका गृहिणीहरुलाई बालबालिका हेरचाह र स्वस्थ आहार सम्बन्धी आधारभूत तालिम दिने नीति अवलम्बन गर्ने नीति लिइनेछ  ।<br>• प्रत्येक स्वास्थ्य चौकीमा एम्बुलेन्सको व्यवस्था गर्दै जाने नीति लिइएको छ ।<br>• वर्षमा १ पटक गाँउपालिकाले विशेषज्ञ डाक्टरहरुको उपस्थितिमा स्वास्थ्य शिविर सञ्चालन गर्न कार्यलाई निरन्तरता दिइने नीति लिइने छ ।<br>• स्थानीय जडिबुटी र आदिवासीको ज्ञान र सिपलाई प्रबर्द्धन गरेर परम्परागत स्वास्थ्य सुविधा विस्तार गरिने नीति लिइनेछ ।<br>• प्रत्येक शिशुहरुलाई भविष्यमा स्वस्थ जिबन बाच्न सकुन भन्ने उद्धेस्यले शिसु जन्मेको २ वर्ष सम्म शिशु पोषण प्रर्बद्धन कार्यक्रम लाई निरन्तरता दिईनेछ । यो योजना एक आमाको दुइवटा गर्भवाट जन्मिएको वच्चाको लागि लागु गरिनेछ  ।<br>• गर्भवती महिला र नवजात शिशुको स्वास्थ्य अवस्था सुधार गर्नको लागि २४ घण्टे प्रसुती सेवा सञ्चालनमा रहेका स्वास्थ्य चौकीको व्यवस्थापन क्षमता अभिवृद्धि गरिने नीति लिइने छ । |
| शिक्षा | • गाउँपालिका भित्रका सबै विद्यालयहरुमा आफ्नो गाउँपालिकाको विशिष्ठ विशेषताको जानकारी गराउने उद्देश्यलाई परिपूर्ति गर्न प्रत्येक कक्षामा स्तर अनुसारको स्थानीय पाठ्यक्रम अनुसारको पाठ्य पुस्तक अध्यापन गराउदै जाने नीति अवलम्बन गरिनेछ जस अर्न्तगत गाउँपालिकामा वोटानिकल पाठ्यक्रम निर्माण गरी ऐच्छिक विषयको रुपमा अध्यापन गराउने नीति लिइने छ ।<br>• विद्यालयमा प्राथामिक तहसम्म अंग्रेजी माध्यममा पठनपाठन गराउने नीति लिइने छ ।<br>• बाल विकास केन्द्रहरुलाई बालमैत्री भौतिक पूर्बाधार  व्यवस्थापन  गरिनेछ ।<br>• हरेक माध्यामिक विद्यालयमा १/१ वटा सूचना प्रविधि तथा श्रव्यदृष्य कक्षाहरुको स्थापना गरिने नीति लिइने छ  ।<br>• विद्यालयहरुमा स्कुल नर्स कार्यक्रम यसै वर्ष देखि लागू गरिने छ<br>• उत्कृष्ट शिक्षक ,विद्यार्थी, वि.व्य.स. अध्यक्ष, प्र.अ. पुरस्कृत गर्ने नीति लाई निरन्तरता दिईनेछ ।<br>• गाँउपालिकामा एक प्राविधिक शिक्षालय स्थापना गर्ने केन्द्रिय सरकारको नीतिलाई आवश्यक सहयोग गर्ने नीति लिइने छ ।<br>• अगामी ३ वर्ष भित्र यस गाउॅपालिकामा स्नातक तह सम्मको क्याम्पस स्थापना गरी विभिन्न विषयमा पठन पाठन गराउने नीति लिइने छ ।<br>• विषयगत शिक्षकको व्यवस्थापन गर्न अनुदानको व्यवस्था गरिने छ ।<br>• गाउँपालिका भित्रका विद्यालयहरुको शिक्षक दरवन्दी मिलान गर्ने कार्यालयलाई निरन्तरता दिइने छ ।<br>• दलित छात्र-छात्राहरुलाई निःशुल्क स्कुल ड्रेसको व्यवस्था गरिने छ । |

| | |
|---|---|
| **भौतिक पुर्वाधार** | ● आगामी ३ वर्ष भित्र गाउँ पालिका भित्र चक्रपथ निर्माण गर्दै सबै मुल सडकमा जनतालाई बाहै महिना यातायातका माध्यमबाट सहजरुपमा आवत जावतको व्यबस्था गरीने छ ।<br>● तावा - टुवा खोला (न्यापले खनेको), रेग्मिटार - पञ्चमी ,गाउँपालिका केन्द्रबाट वडा केन्द्र, जिल्ला सदरमुकाम र तराई सम्म जोड्ने सडक सञ्जाल जोडि सकेको हुँदा उक्त सडकहरुलाई बाह्रै महिना चल्ने गरि स्तर उन्नती गर्ने नीति लाई तिव्रता दिइने छ ।<br>● खेतीयोग्य जमीनमा सिंचाई सुविधा पुर्‍याउन कुलोहरुको निर्माण र हिउँदे पोखरीहरुको निर्माण गर्ने नीति लिइने छ ।<br>● एकिकृत वस्ति विकासको लागि सबै नागरिकहरुमा जनचेतना वढाई कार्यक्रमलाई अगाढी वढाउने नीति लिइने छ ।<br>● यहि वर्ष भित्र गाउँपालिका क्षेत्र भित्र पिउने पानीको उचित व्यवस्थापन गरि सकिने छ । |
| **वन तथा वातावरण संरक्षण** | ● गाउँपालिका क्षेत्र भित्रका सवैखाले वन क्षेत्र (संरक्षण क्षेत्र, सामुदायीक वन, कबुलियती वन, निजी वन, धार्मिक वन) को व्यवस्थापन सुधारमा नीति नियमहरु तर्जुमा गर्ने र व्यवस्थापन योजना परिमार्जन गरि कार्यान्वयन गर्न प्राथमिकता दिइने छ ।<br>● जलवायू परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण तथा अनुकुलन, जलउत्पन्न प्रकोप तथा विपद जोखिम न्यूनीकरण र एकिकृत जलाधार क्षेत्रको व्यवस्थापन योजना तर्जुमा गरि प्राथमिकताका साथ कार्यान्वयन गरिने छ ।<br>● गाउँपालिका भित्र रहेका वन पैदावारको सहज आपूर्ति प्रवाह मार्फत निजी तथा सार्वजनिक जग्गामा वृक्षारोपण, जडिबुटी खेती बिस्तार गरि रोजगारी र जिविकोपार्जनमा सुधार ल्याइने छ ।<br>● वन व्यवस्थापन कार्यलाई उद्योगको रुपमा विकास गर्न वन तथा वन पैदावारमा आधारित हरित उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरि एक सामुदायीक वनमा एक हरित उद्यमी समूह गठन अभियान चलाइने छ ।<br>● पर्यावरणीय पर्यटनको प्रवर्द्धन गर्न यस गाऊँपालिका र अन्य स्थानीय तहहरु वीच समन्वय र सहकार्यमा वन उद्यान, वनस्पति उद्यान र प्राणी उद्यान स्थापनाका सम्भाव्यता अध्ययन सहित गुरुयोजना निर्माण गरिने छ ।<br>● वनलाई उत्पादन संग जोडीने छ उपयोग विहिन वोटविरुवालाई हटाउदै जिवन उपयोगी वोटविरुवा लगाउने नीति लागू गरिने छ ।<br>● हरेक वडालाई धुवाँमूक्त बनाउन धुवाँरहित चुल्हो र सुधारिएको चुल्हा प्रयोगमा प्रोत्साहन गरिनेछ ।<br>● सडक किनारामा भूक्षय प्रतिरोधी विरुवाहरु रोपी त्यसको संरक्षण र उपयोग गर्न सम्बन्धित समुदायलाई परिचालन गरिनेछ ।<br>● पहिरो तथा भुक्षयग्रस्त क्षेत्रहरुमा बाँसका विरुवा रोपण गरिने, त्यसको संरक्षण र उपयोग कार्यमा गरिव तथा भूमिहीन किसानहरुलाई जिम्मा दिइनेछ । |
| **उद्योग** | ● गाउपालिका भित्र एउटा फलफूल प्रशोधन उद्योग स्थापना गरिनेछ ।<br>● साना तथा मझौला उद्योगहरुको स्थापना गरी रोजगारीको सृजना गरिने छ । |
| **संस्कृति तथा पर्यटन** | ● संस्कृति तथा पर्यटन विकासको लागी गाँउपालकिाले आवश्यकता अनुसार पर्यटन महोत्सव, होटेल व्यवस्थापन, होमेस्ट्रे स्थापना नयाँ पर्यटन स्थलको पहिचान गरि यस्ता पर्यटकिय विकासका लागि कार्य गर्ने नीजि क्षेत्र एन.जि.ओ, आई.एन.जि.ओ., प्रदेश सरकार र संघीय सरकार संग सहकार्य गरि कार्यक्रमलाई अगाढी बढाउने नीति लिइने छ ।<br>● साहसिक तथा प्राकृतिक रमणीय क्षेत्रहरु भुर्चुङमाडाँडा र धिप्लुङ झरना (छागा) मा आन्तरीक तथा वाह्य पर्यटक भित्र्याउन त्यस क्षेत्रमा आवश्यक भौतिक पूर्वाधार निर्माण तथा प्रचार प्रसार कार्यलाई प्राथामिकता दिइने छ ।<br>● सेशथुम्का डाँडालाई वोटानिकाल पार्कको रुपमा स्थापित गरिने छ । |

| | |
|---|---|
| **यूवा खेलकुद** | • गाँउपालिका स्तरीय वार्षिक खेलकुद तथा राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगितालाई निरन्तरता दिइने छ।<br>• व्यवसायिक खेलाडी उत्पादन गर्न ट्रेनिङको व्यवस्था गर्ने नीति लिइने छ। |
| **सुशासन** | • योजना अनुगमन कार्यलाई चुस्त दुरुस्त छिटो छरितो र पारदर्शी वनाई योजनाको अनुगमन कार्यलाई निरन्तरता दिने नीति वनाईने छ।<br>• गाँउपालिकाले संचालन गरेको पुँजीगत तथा चालु वजेटलाई अझ वढि पारदर्शी, मितव्ययी, उत्तरदायी र नियमित वनाई लेखा व्यवस्थापनलाई व्यस्थित गर्दै आगामी वर्षहरुमा सबै प्रकारका बेरुजु रहित गाउपालिकाको रुपमा स्थापित गर्ने नीति लिइने छ। यसका लागि गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई उचित मात्रामा प्रोत्साहन भत्ताको व्यवस्था गर्दै लगिने नीति लिइने छ।<br>• भ्रष्टाचारमा शुन्य सहनसिलताको नीति लागु गरीने छ।<br>• गाउँपालिकाको नीति तथा कार्यक्रम कार्यान्वयनमा स्थानीय गैरसरकारी संस्था तथा अन्तरीाष्ट्रिय गैरसरकारी संस्थाहरुलाई आमन्त्रण गरी साझेदारीको लागि अपिल गरिनेछ।<br>• *NGO/INGO* बाट संचालन गर्ने कार्यक्रमलाई गाउँसभामा अनिवार्य रुपमा पेश गरी गाँउपालिकाको वार्षिक कार्यक्रम र वजेटको रुपमा मुलप्रवाहीकरण गरिनेछ।<br>• निमार्ण उपभोक्ता समिति हरुलाई अभिमुखीकरण तालिम दिने व्यवस्थालाई निरन्तरता दिइने छ। |
| **संस्थागत विकास** | • एकिकृत तथ्यांक व्यवस्थापन प्रणाली सुरुवात गर्नेः पारिवारिक विवरण *(Family Folder)* स्थापना गर्ने, सफ्टवेयर मार्फत सवै वडाहरुमा एउटै नेटवर्कबाट तथ्यांक अद्यावधिक हुने व्यवस्था शुरु गरिनेछ।<br>• उच्च प्रविधिको प्रयोग गर्नुपर्ने र ठूला लागत बाहेकका आयोजनाहरुको कार्यान्वयन उपभोक्ता समिति, सहकारी र सामुदायिक संस्थाहरु मार्फत कार्यान्वयन गरिनेछ<br>• ठूला पूर्वाधारका आयोजनाहरुमा आम उपभोक्ताहरुको गुणस्तर कायम गर्न र समयमा कार्य सक्न सर्वदलीय अनुगमन समितिको गठन गरिनेछ।<br>• गाउँपालिकावाट संचालन हुने योजना सकेसम्म ठुला निर्माण गरी साना योजना सञ्चालन गर्ने कार्यलाई निरुत्साहित गरिदै लगिने छ। |
| **राजश्व परिचालन** | • गाउँपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा गर्ने।<br>• मुख्य राजश्वका स्रोतहरुः सम्पत्ति कर, घरनक्सा पास तथा अभिलेख दस्तुर, व्यवसाय कर, हाटवजार कर,मालपोत कर , वहाल विटौरी शुल्क, सम्पत्ति मूल्यांकन शुल्क, निवेदन दस्तुर को निर्धारण गरि सफ्टवेयर प्रणालीबाट असुली गर्ने व्यवस्था मिलाइनेछ।<br>• आम जनतालाई कर तथा राजश्वको महत्वका वारेमा जनचेतना विस्तार गरिनेछ।<br>• यस गाउँपालिकालाई पुजीगत विकासका लागि उल्लेखनीय कार्य जस्ले यस गाउँपालिकाका नागरिकको प्रतिष्ठामा वृद्धि, आर्थिक विकासमा उल्लेखनिय प्रगती हुने किसिमका आयोजना संचालनका लागि स्थानीय शासन सरकार संचालन ऐनमा व्यवस्था भए वमोजिमको ऋण लिने नीति लिइने छ। |
| **साहित्य संगीत** | • गाँउपालिकाको संगीत कर्मी उत्पादन गर्नका लागी पालिका ताराको खोजी कार्यलाई निरन्तरता दिइने छ। |

| | |
|---|---|
| **सामाजिक सेवा तथा समावेशी प्रबर्द्धन** | • सामाजिक सुरक्षा भत्ता वितरणमा प्रभावकारी र पारदर्शी वनाइनेछ ।<br>• यस गाउँपालिका भित्रका युवा,महिला,दलित,फरक क्षमता भएका समुदायहरुलाई लक्षित गरी सीपमुलक तालिम तथा उद्यमशीलताको विकास गरी आत्मनिर्भरका कार्यक्रमहरु संचालन गरिने छ ।<br>• ६५ वर्ष नाघेका गाँउ पालिकाका बृद्ध बृद्धाहरुलाई गाँउपालिकाले परिचय पत्र वितरण गरी गाँउपालिका भरी निशुल्क यातायात सुबिधा कार्यलाई थप गरी गाउँपालिका देखि गाइघाट - दिक्तेल सम्म सुविधा दिने कार्यलाई निरन्तरता दिइने छ ।<br>• जनताको अधिकारका निमित शहादत प्राप्त गर्नुहुने शहीदहरुको सम्मानमा शहीद स्मृति पार्क निर्माण र अन्य रचनात्मक कार्यहरु संचालन गर्ने नीति लाई निरन्तरता दिइने छ ।<br>• दलित र अल्पसंख्यक समुदायका व्यक्तिहरुको लागि सामुदायिक संगठनहरुको प्रवर्द्धन र नेतृत्व विकासका कार्यक्रमहरु सञ्चालन गरिने |

## बजेट

# *गाउँपालिकाको आ.व. २०७६/०७७ को अनुमानित आम्दानी*

गाउँपालिकाका अनगिन्ति समस्याहरु छन् सबै समस्याहरु एकै वर्षमा एकै समयमा समाधान गर्न सकिदैन । हाम्रा असिमित आवश्यकतालाई सिमित साधन र स्रोतले एकै चोटी पुरा गर्न नसकिने हुँदा यस आर्थिक वर्षमा आवश्यकतालाई प्राथमिकिकरण गरि देहाय वमोजिमका उद्देश्यहरु राखी यो वजेट ल्याएका छौं ।

### *उद्देश्य*

१) गाउँपालिका भित्रका सबै नागरिकहरुका संबैधानिक अधिकारको रुपमा रहेका आश्यकताको परिपूर्ति गरि सबै नागरिकको जीवन स्थरमा सकरात्मक रुपमा परिवर्तन ल्याइनेछ ।

२) स्थानीय स्तरमा उपलब्ध श्रोत साधन अवसर र क्षमताको उच्चतम उपयोग गरि आर्थिक विकास गरिनेछ ।

३) सबै वर्ग र समुदायहरुको आर्थिक विकासका लागि सकरात्मक विभेदको नीति मार्फत आर्थिक बृद्धि गरि सबै वर्गलाई आर्थिक विकासको मूल प्रवाहमा समाहित गरिने छ ।

यस आ.व.मा आयतर्फ नेपाल सरकारबाट प्राप्त वित्तीय समानीकरण (निशर्त अनुदान) अन्तर्गत रु ९ करोड २ लाख केन्द्रिय राजश्व वाडफाटबाट ६ करोड ९९ लाख, प्रदेश सरकारको वित्तिय समानिकरण अनुदान तर्फ ६९ लाख ९७ हजार, सवारी साधन कर तर्फवाट ५० लाख ८० हजार, यस गाउँपालिकाको राजश्व प्राप्तिवाट १० लाख ५० हजार, मालपोत रजिष्ट्रेशन शुल्कवाट प्राप्त हुने रु २ लाख ९० हजार र प्रशासनीक सुधारवाट प्राप्त हुने ५० लाख समेत जम्मा १७ करोड ८५ लाख १७ हजार प्राप्त भएको र सशर्त अनुदान तर्फ पूर्व निर्धारित क्षेत्रमै खर्च गर्नुपर्ने भएकाले सो तर्फ कुनै कार्यक्रम तय गर्नु पर्दैन । विभिन्न मन्त्रालयवाट तथा निकायवाट मन्त्रालयबाट नै तय भई आएको सशर्त अनुदान तर्फ शिक्षा तर्फ १२ करोड ३ लाख ४५ हजार, स्वास्थ्य सेवा तर्फ २ करोड ८५ लाख ७८ हजार, कृषि तथा पशु विकास तर्फ ७६ लाख ७९ हजार, पर्यटनपूर्वाधार विकास आयोजना अर्न्तगत धिप्लुङ झरना पर्यटन पूर्वाधार विकास रु २० लाख, खेलकुद विकास कार्यक्रम अर्न्तगत राष्ट्रपति रनिङ सिल्ड १ लाख, राष्ट्रिय ग्रामिण तथा नविकरणीय उर्जा कार्यक्रमको लागि १४ लाख २५ हजार, झुलुङगे पुल निर्माण कार्यक्रम अर्न्तगत दिखुवा दोभान खमारे दोभान, झोलुङगे पुलको लागि ३५ लाख साना सिंचाई कार्यक्रम अर्न्तगत विभिन्न सिंचाई आयोजनाको लागि १ करोड १० लाख १४ हजार, प्रधान मन्त्री रोजगार कार्यक्रम अन्तरगत ५ लाख २५ हजार गरी कुल जम्मा १७ करोड ४३ लाख तथा सामाजिक सुरक्षा भत्ताका लागि प्राप्त हुने रकम ६ करोड बहुक्षेत्रीय पोषण कार्यक्रमका लागि १३ लाख ४३ हजार समेत ४१ करोड ५५ लाख २३

हजारको कुल वजेटको प्रक्षेपण गरेका छौ । कुल वजेट मध्ये गाउँपालिकाले व्यहोर्नु पर्ने अनिवार्य दायित्व भित्र रहेको प्रशासनीक तथा व्यवस्थापकीय व्यवस्थापनका लागि चालु तर्फ जम्मा रु. ५ करोड छुट्याईएको छ । उक्त रकम कुल खर्च गर्नका लागि छुट्याइएको रकमको करिब १२.% हुन आउँछ । यसै गरी पुँजिगत तर्फ छुट्याईएको रु १७ करोड ८५ लाख १७ हजार को २८ % हुन आउछ । वडा समितिको कार्यलयवाट वस्ति स्तर हुदै सहभागीता मुलक तवरले ल्याइएको कुल आयोजना तथा कार्यक्रमहरुको लागि र गाउँपालिका स्तरमा छनौट भएका आयोजना तथा कार्यक्रमहरुको लागि र आगामी वर्ष पनि गाउँपालिकाले निरन्तरता दिनु पर्ने कार्यक्रमको लागि जम्मा रु १२ करोड ८५ लाख १७ हजार योजना तथा कार्यक्रमका लागि विनियोजन गरिएको छ ।

## आ.व. ०७६/०७७ को विनियोजित वजेट

| क्र.स. | व्याय शिर्षक | ०७६/०७७ को व्याय अनुमान | कैफियत |
|---|---|---|---|
| | **गाउँपालिकाको गौरवको आयोजनाहरु** | रकम | |
| १ | बाटोफेदी मोटरेवल पुल | २,००,००,००० | |
| २ | गा.पा. भवन निर्माण | ८०,००,००० | |
| ३ | कृषि तथा पशु विकास कोष | ५०,००,००० | |
| ४ | डी.पी.आर. विभिन्न निर्माण योजना | ५०,००,००० | |
| ५ | समपुरक कोष /साझेदारी | ५०,००,००० | |
| ६ | शिक्षक अनुदान | ५०,००,००० | |
| ७ | वडा नं. २ को आरुवोटे, लहरेपैंयु, बार्लाङ, रिभु, एक्लेबर, डाँडाखर्क काहुले, मलवासे हुदै सिमलडाँडा जामुने ढुङगा धिप्लुङ झर्ना जाने सडक | ४०,००,००० | |
| ८ | न्यायिक समिति महिला अपाङ कार्यक्रम | ३५,००,००० | |
| ९ | विपद व्यवस्थापन केन्द्रिय कोष (गा.पा.) | ३०,००,००० | |
| १० | भण्डारेघाट लिफि्टङ्ग खा.पा. तथा सिंचाई | ३०,००,००० | |
| | **अन्य योजना** | | |
| १ | प्रत्येक वडामा महिला भवन | २८,००,००० | |

| | | | |
|---|---|---|---|
| २ | रेग्मीटार पञ्चमी सडक | २५,००,००० | |
| ३ | नियमित वडा नं. ३ कार्यालय निर्माण | २५,००,००० | |
| ४ | नियमित वडा नं. ६ कार्यालय निर्माण | २५,००,००० | |
| ५ | पञ्चमी वजार ट्रस भवन निर्माण | २५,००,००० | |
| ६ | म. स्व.सेविका तथा शिशु पोषण प्रवर्द्धन कार्यक्रम | २२,००,००० | |
| ७ | साना खानेपानी आयोजना | २०,००,००० | |
| ८ | पालिकासंग महिला कार्यक्रम | १५,००,००० | |
| ९ | घुमाउनेडाँडा देखि वातिखुम सिरान हुँदै स.मा.वि. डाँडाखर्क जाने सडक | १५,००,००० | |
| १० | ज्यामिरे काहुले हुँदै वडा कार्यालय जाने सडक | १५,००,००० | |
| ११ | छितापोखरी ओखे लासिन्टार सडक मर्मत (साविक गा.वि.स वाट खनेको) | १५,००,००० | |
| १२ | विपद व्यवस्थापन सवै वडाको लागि (प्रत्येक वडाको लागि दुइ लाख को दरले) | १४,००,००० | |
| १३ | सबै खेलकुद मैदानमा शौचालय निर्माण | १४,००,००० | |
| १४ | कालीखोला देखि अम्लिसे भुलभूले खा.पा. | ११,००,००० | |
| १५ | खेलकुद विकास कार्यक्रम | १०,००,००० | |
| १६ | नि.शुल्क स्वास्थ्य शिविर | १०,००,००० | |
| १७ | रमाइलो छितापोखरी दुधिले भञ्ज्याङ काल्सिनखोला सडक | १०,००,००० | |
| १८ | माध्यमिक विद्यालयहरुमा इ .हाजिरी | १०,००,००० | |
| १९ | मानडाँडा खुदुर्के भुजेलगाउँ हुदै वोफ्लु सडक | १०,००,००० | |
| २० | जनसेवा हुँदै वडा कार्यालय वाट सेम्मा पुछार | १०,००,००० | |
| २१ | वडा कार्यालय देउराली काल्सीडखोला | १०,००,००० | |

| वडागत योजना (गाउँपालिका र वडा गत योजना पछि छानीने छ | | | |
|---|---|---|---|
| ३२ | नमुना विद्यालय कम्प्युटर  शिक्षक | ९,१०,००० | |
| ३३ | धिप्लुङ झर्ना | ८,००,००० | |
| ३४ | याम्खा साप्सु  सडक | ८,००,००० | |
| ३५ | साविक १ देखि ट्रान्समिटर हुँदै लक्षमणको घर हुँदै वसेरी सम्म | ८,००,००० | |
| ३६ | रातमाटा कोलचोकवाट आरुवोटे गुर्धुम सडक | ७,७५,००० | |
| ३७ | टुवा तावा सडक | ७,००,००० | |
| ३८ | वोटानिकल कोर्ष निर्माण | ७,००,००० | |
| ३९ | जनसेवा अखटे भञ्ज्याङ हुदै मुलडाँडा सडक | ७,००,००० | |
| ४० | सापातेल खेलमैदान प्याराफिट निर्माण | ७,००,००० | |
| ४१ | खरुवा राजकुलो रोभलुङ सिंचाई | ७,००,००० | |
| ४२ | चप्लेटी धिप्लुङ सडक | ७,००,००० | |
| ४३ | जनप्रभात गौरीगाउँ सडक | ७,००,००० | |
| ४४ | दिनुवावाट ढाकोला हुदै नौला जोड्ने सडक | ७,००,००० | |
| ४५ | छौलो साङ्गे गुम्बा | ७,००,००० | |
| ४६ | शैक्षिक विकास कार्यक्रम | ५,००,००० | |
| ४७ | नि.शुल्क औषधि खरिद | ५,००,००० | |
| ४८ | वर्थिङ सेन्टर व्यवस्थापन | ५,००,००० | |
| ४९ | शहिद अर्जुन कुमार राई शालिक निर्माण | ५,००,००० | |
| ५० | दलितसंग सहकारी (दलित लक्षित) | ५,००,००० | |
| ५१ | आहालडाँडा रोभलुङ रातमाटा सडक | ५,००,००० | |
| ५२ | सापातेल खानेपानी  मर्मत (साविक वडा नं. ६, ७, ८ र ९ ) | ५,००,००० | |
| ५३ | तावाखोला दोभानवाट वडा कार्यालय जाने सडक स्तरोन्ति | ५,००,००० | |

| | | | |
|---|---|---|---|
| ५४ | ओखे कुवा मुल्याहाडाँडा हुँदै टेम्मा साविकको वडा १ सबैलाई खानेपानी | ५,००,००० | |
| ५५ | जनप्रभात भण्डारे सडक मर्मत | ५,००,००० | |
| ५६ | इजारावाट खानीखेत बरपिपल पञ्चमी सडक | ५,००,००० | |
| ५७ | यायोख्खा भवन निर्माण | ४,००,००० | |
| ५८ | वडा कार्यालय प्लास्टर | ४,००,००० | |
| ५९ | खोष्टुङ खोलादेखि धारापारी भञ्ज्याङ सडक निर्माण | ४,००,००० | |
| ६० | जरुवादेखि आरुवोटे देउराली सडक निर्माण | ४,००,००० | |
| ६१ | स.मा.वि. कुलागाउँ देखि पुवाँरगाउँ काक्तिके सडक स्तरोन्ती | ४,००,००० | |
| ६२ | बुइपाली टोलसम्म जाने सडक | ४,००,००० | |
| ६३ | दुधिले भञ्ज्याङवाट झरना जाने वाटो | ४,००,००० | |
| ६४ | तल्लो वास्थला हुँदै माथील्लो वास्थला | ४,००,००० | |
| ६५ | छितापोखरी मुहान भै वतासेको शाखा खा.पा. मर्मत | ४,००,००० | |
| ६६ | पौडेल कुल पुजा स्थानमा पार्टि तथा जलजला देवि मन्दिर निर्माण (साविक वडा नं. ५ ) | ४,००,००० | |
| ६७ | घरेले कपडा बुनाई कार्यक्रम | ३,१०,००० | |
| ६८ | बार्लाङखोला हिउँदे सिंचाई पोखरी कोटगाउँ | ३,००,००० | |
| ६९ | नुनथला गैरादेखि भस्मे सडक निर्माण | ३,००,००० | |
| ७० | वातिखुम, जरुवा , काफ्लेछाप पाइप खरिद सिं. योजना | ३,००,००० | |
| ७१ | स.मा.वि. डाँडाखर्क घेरावारा | ३,००,००० | |
| ७२ | स.मा.वि. कुलागाउँ वाल निर्माण | ३,००,००० | |
| ७३ | जंगदेव प्रा.वि. मानदत्ता वाल तथा सिढि निर्माण | ३,००,००० | |
| ७४ | खानेपानी व्यवस्थापन | ३,००,००० | |
| ७५ | गैरीवारी मुहान हुदै खनपुलदेखि हुलाकडाँडा खानेपानी योजना | ३,००,००० | |
| ७६ | ठाडेखोला सिंचाई | ३,००,००० | |
| ७७ | टिम्मुरे ठिकुरे खोला | ३,००,००० | |
| ७८ | वडा कार्यालय मर्मत | ३,००,००० | |

| | | | |
|---|---|---|---|
| ७९ | भाकारतुङ वानाम्ला बरबोटे खनपुल सडक | ३,००,००० | |
| ८० | आहालटारवाट थापा भञ्ज्याङ दमार | ३,००,००० | |
| ८१ | वोल्पा पिचाकु सडक मर्मत | ३,००,००० | |
| ८२ | छितापोखरी भुल्के चापटार सडक निर्माण | ३,००,००० | |
| ८३ | सार्किढुङगा च्यान्डाँडा सडक निर्माण | ३,००,००० | |
| ८४ | इन्टरनेट जडान (वडाका सबै विद्यालय र स्वास्थ्य चौकी ) | २,५०,००० | |
| ८५ | खुदुर्के  खानेपानी मर्मत योजना | २,५०,००० | |
| ८६ | खरुवाखोला खोलीमुहान कोप्चे नाली खा.पा. योजना | २,५०,००० | |
| ८७ | धोवीखोलावाट जनसमुह प्रा.वि. सम्म सडक निर्माण | २,५०,००० | |
| ८८ | ६५ वर्ष माथीका वृद्ध वृद्धा नि.शुल्क यातायत | २,००,००० | |
| ८९ | याम्खा २ डाँडागाउँ खानेपानी योजना मर्मत | २,००,००० | |
| ९० | साविक वडा नं. ६ को वनपाला खानेपानी ट्याङकी निर्माण | २,००,००० | |
| ९१ | पञ्चवतिदेवी मन्दिर संरक्षण | २,००,००० | |
| ९२ | पञ्चमी वजार  वाल निर्माण | २,००,००० | |
| ९३ | कागुने तिलकेनी पाईप सिचाई योजना | २,००,००० | |
| ९४ | जनविकास आधारभूत विद्यालय खेलमैदान निर्माण | २,००,००० | |
| ९५ | ढाडिखोला देखि देवालि खेत सिंचाई योजना | २,००,००० | |
| ९६ | पिप्ले भञ्ज्याङदेखि तेस्रो टोल जाने सडक | २,००,००० | |
| ९७ | लोचीवर देखि थापाटोल जाने सडक निर्माण | २,००,००० | |
| ९८ | बुइखुवा साकेलाथान व्यवस्थापन | २,००,००० | |
| ९९ | चण्डिनिकेतन प्रा.वि. रोभलुङ कक्षाकोठा मर्मत तथा फर्निचर निर्माण | २,००,००० | |
| १०० | गोपी खत्रीटोल जाने सडक निर्माण | २,००,००० | |
| १०१ | खानेपानी | २,००,००० | |
| १०२ | वासुङमाला जंगल मुहान भै पिचाकु खा.पा. योजना | २,००,००० | |

| | | | |
|---|---|---|---|
| १०३ | भालुखोला मुहान भै वारेम्तुम खा.पा. यो मर्मत | २,००,००० | |
| १०४ | लामिवगर कुलो मर्मत | २,००,००० | |
| १०५ | सिमान्तकृत वर्ग उत्थानको लागि | २,००,००० | |
| १०६ | हपौर्लुङ शिवालय मर्मत | २,००,००० | |
| १०७ | बार्लाङखोला मुहान भई काहुले याम्खा ४ सिंचाई पाईप खरिद | १,६५,००० | |
| १०८ | बार्लाङखोला मुहान भई खोलापारी हिउदे सिंचाइ योजना | १,५०,००० | |
| १०९ | छितापोखरी महिला भवन | १,५०,००० | |
| ११० | मुलावारी इजारा सडक | १,५०,००० | |
| १११ | दिनुवा माझगाउँ खा.पा. योजना धुपाम्पाटार | १,५०,००० | |
| ११२ | पञ्चकन्या आ.वि. घेरावारा तथा फर्निचर निर्माण | १,५०,००० | |
| ११३ | साक्षरता प्रा.वि. खेल मैदान सम्याउने | १,५०,००० | |
| ११४ | ज्यामिरे संचाई कुलो निर्माण | १,५०,००० | |
| ११५ | काडे तिन कन्या देवि घेरावारा | १,५०,००० | |
| ११६ | पोखरे कार्की बन्धु कुल पुजा मन्दिर निर्माण | १,३०,००० | |
| ११७ | मोहरीया अधिकारी बन्धु कुलपुजा मन्दिर निर्माण | १,३०,००० | |
| ११८ | कमेरेगाउँ पराजुली बन्धु कुलपुजा मन्दिर निर्माण | १,३०,००० | |
| ११९ | डाँडागाउ वस्नेत कुलपुजा मन्दिर निर्माण | १,३०,००० | |
| १२० | बार्लाङ नागथान खत्री कुलपुजा मन्दिर निर्माण | १,३०,००० | |
| १२१ | खामडाँडा पाटी निर्माण साविक ८ | १,०५,००० | |
| १२२ | साविक वडा नं. ३, ६, ७ र ८ को आर्याघाट पाटि निर्माण जामुने | १,०५,००० | |
| १२३ | रातमाटा चिसापानी पार्टि निर्माण | १,०५,००० | |
| १२४ | चितेखोला मुहान अधिकारी टोल हिउदे सिं | १,००,००० | |

| | | | |
|---|---|---|---|
| १२५ | अमारे शिवमन्दिर निर्माण | १,००,००० | |
| १२६ | खेलकुद | १,००,००० | |
| १२७ | छितापोखरी खानेपानी मर्मत | १,००,००० | |
| १२८ | खेलकुद | १,००,००० | |
| १२९ | सिंचाई व्यवस्थापन | १,००,००० | |
| १३० | उर्गेन पेमा छोलिङ बौद्ध गुम्बा | १,००,००० | |
| १३१ | शान्ति मा.वि. छोरम्बु खेलमैदान मर्मत | १,००,००० | |
| १३२ | स्वास्थ्य चौकी प्रसुतीगृह (छोरम्बु ) व्वस्थापन | १,००,००० | |
| १३३ | खेलकुद विकास व्यवस्थापन | १,००,००० | |
| १३४ | फनिर्चर उद्योग अनुदान | १,००,००० | |
| १३५ | वडा नं. ७ दुइवटा स्वास्थ्य कार्यालयहरुलाई | १,००,००० | |
| १३६ | खेलकुद | १,००,००० | |
| १३७ | ओमशान्ती गुम्बा | १,००,००० | |
| १३८ | हिमालय छेदेल छोलिङ गुम्बा पानीटार | १,००,००० | |
| १३९ | सहकला प्रा.वि. ग्राउण्डमर्मत | १,००,००० | |
| १४० | पञ्चकौशिका मा.वि. घेरावारा | १,००,००० | |
| १४१ | पाखाटारी खा.पा. योजना | १,००,००० | |
| १४२ | खेलकुद कला संस्कृति | १,००,००० | |
| १४३ | वाराङ देविथान मर्मत | १,००,००० | |
| १४४ | सिर्के भगवती मन्दिरमा पाटि निर्माण | १,००,००० | |
| १४५ | सार्कीधारा थापागाउँ खा.पा. योजना | ८०,००० | |
| १४६ | होमादेवि महिला विकास मञ्च फर्निचर निर्माण | ७५,००० | |
| १४७ | महिला उत्थान सञ्जाल भवन सिलिङ | ७५,००० | |

| | | | |
|---|---|---|---|
| १४८ | खरुवाखोला मुहान साविक वडा नं. ५ | ७०,००० | |
| १४९ | निजामती कर्मचारी दिवस | ५०,००० | |
| १५० | पात्ले गौरा रातमाटा तिनकन्या देवि मन्दिर निर्माण | ५०,००० | |
| १५१ | मोहरीय नेवारटोल धर्मवोटे मुलपानीवाट हिउदे सिंचाई पाईप खरिद | ५०,००० | |
| १५२ | बुढाघर ट्याङकी मर्मत | ५०,००० | |
| १५३ | धापखोला सिमखेत सिं योजना | ५०,००० | |
| १५४ | जालपादेवि आमा समुह फर्निचर निर्माण | ५०,००० | |
| १५५ | लासिन्टार खा.पा. मर्मत | ५०,००० | |
| १५६ | चितेखोला खानेपानी मर्मत साविक ५ | ४०,००० | |
| १५७ | भदौरे गैराघर खा.पा. योजना | ३०,००० | |
| १५८ | कोटगाउँ सिंजना आमा समुह फर्निचर निर्माण | २५,००० | |
| १५९ | बाटोमुनी कुवा मर्मत साविक ४ | २०,००० | |

| शीर्षक /जिल्ला/कार्यक्रम | | | | जम्मा |
|---|---|---|---|---|
| **८०१०१३७४-दिप्रुङ चुइचुम्मा गाउँपालिका** | | | | **२६,४५,००** |
| **२६३३१** | **समानिकरण अनुदान** | | | **९,०२,००** |
| **८०१०१३७४** | **दिप्रुङ चुइचुम्मा गाउँपालिका (८०१०१३७४)** | | | **९,०२,००** |
| २.७.२५.२५ | समानिकरण अनुदान | नेपाल सरकार | नगद | ९,०२,०० |
| **२६३३२** | **शसर्त अनुदान** | | | **१७,४३,००** |
| **३०८००१०४** | **राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम (३०८००१०४)** | | | **१४,२५** |
| **३१२००११३** | **नेपाल कृषि सेवा विकास कार्यक्रम (३१२००११३)** | | | **६०,३४** |
| २.७.१५.१ | विकेन्द्रित एवं बहुपक्षिय कृषि सेवा विकास कार्यक्रमको लागि सहयोग | स्वीट्जरल्याण्ड-एस | सोझै भुक्तानी अनुदान | ६०,३४ |
| **३१२०१०११** | **कृषि विभाग (३१२०१०११)** | | | **५,००** |
| २.७.१५.१९ | सहकारी सिचाई, साना सिचाई मर्मत सम्भार तथा निर्माण | नेपाल सरकार | नगद | ५,०० |
| **३१२०११०५** | **केन्द्रिय कृषि प्रयोगशाला कार्यक्रम (३१२०११०५)** | | | **५,००** |
| २.७.१५.१८ | माटो परिक्षण गरी माटो सुधारको लागि सामग्री/ प्रविधि वितरण/ हस्तान्तरण | नेपाल सरकार | नगद | २,०० |
| २.७.१५.२२ | भकारो सुधार कार्यक्रम | नेपाल सरकार | नगद | ३,०० |
| **३१२०२१०२** | **पशु स्वास्थ्य, रोग अन्वेशण सेवा तथा  क्वारेन्टाईन कार्यक्रम (३१२०२१०२)** | | | **४,०५** |
| २.७.१८.४ | विभिन्न खोपहरु लगाए वापत भ्याक्सिनेटरलाई पारिश्रमिक | नेपाल सरकार | नगद | १,२५ |
| २.७.१८.५ | पशु स्वास्थ व्यवस्थापनको लागि ओषधि वितरण | नेपाल सरकार | नगद | १,४५ |
| २.७.१८.६ | वर्ड फ्लु रोग लगायत अन्यरोगहरुको नियन्त्रणको लागि वैठक तथा नमुना संकलन गरी पठाउने तथा  प्रदेश तथा संघमा रिपोर्टिङ्ग गर्ने | नेपाल सरकार | नगद | ७५ |
| २.७.१८.७ | पशुपन्छी तथा मत्स्य उपचार सेवा | नेपाल सरकार | नगद | ६० |
| **३१२०२१०३** | **पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम (३१२०२१०३)** | | | **२,४०** |
| २.७.१८.३ | तरल नाईट्रोजन ढुवानी भण्डारण तथा वितरण तथा व्यवस्थापन | नेपाल सरकार | नगद | २,४० |
| **३२५०११०६** | **पर्यटन पूर्वाधार विकास आयोजना (३२५०११०६)** | | | **२०,००** |
| ११.४.२२.७६ | धिप्लुङ झरना पर्यटन पूर्वाधार विकास | नेपाल सरकार | नगद | २०,०० |
| **३४३००१०२** | **खेलकुद विकास कार्यक्रम (३४३००१०२)** | | | **१,००** |
| ६.२.२.११३ | राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता (स्थानीय तहस्तरीय) | नेपाल सरकार | नगद | १,०० |
| **३५००००१४** | **सबैका लागि शिक्षा- आधारभूत तह (३५००००१४)** | | | **७,६४,५९** |
| १.१.१.६७ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि  तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीहरु समेत) | नेपाल सरकार | नगद | ७,६४,५९ |
| **३५००००१५** | **माध्यामिक तह (३५००००१५)** | | | **१,९७,८६** |
| १.१.३.४ | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षक  लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षक समेत) | नेपाल सरकार | नगद | १,९७,८६ |
| **३५०००८०१** | **विद्यालय क्षेत्र विकास कार्यक्रम- जिल्ला स्तर (३५०००८०१)** | | | **२,४१,००** |
| १.१.४.१ | प्रारम्भिक बाल विकास  सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | नेपाल सरकार | नगद | ५८,२४ |
| १.१.४.१ | प्रारम्भिक बाल विकास  सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | एस.एस. डि. पि. | सोधभर्ना हुने अनुदान | ९,२८ |
| १.१.४.१ | प्रारम्भिक बाल विकास  सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | एस.एस. डि. पि. | सोधभर्ना हुने ऋण | १६,५० |
| ११.१.२.१ | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | नेपाल सरकार | नगद | ९,७० |

| शीर्षक /जिल्ला/कार्यक्रम | | | | जम्मा |
|---|---|---|---|---|
| ११.१.२.१ | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | एस.एस. डि. पि. | सोधभर्ना हुने अनुदान | १,५५ |
| ११.१.२.१ | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | एस.एस. डि. पि. | सोधभर्ना हुने ऋण | २,७५ |
| २.४.६.१ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | नेपाल सरकार | नगद | १६,७२ |
| २.४.६.१ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | एस.एस. डि. पि. | सोधभर्ना हुने अनुदान | २,६७ |
| २.४.६.१ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | एस.एस. डि. पि. | सोधभर्ना हुने ऋण | ४,७४ |
| २.७.११.१ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | नेपाल सरकार | नगद | १,०७ |
| २.७.११.१ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | एस.एस. डि. पि. | सोधभर्ना हुने अनुदान | १७ |
| २.७.११.१ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | एस.एस. डि. पि. | सोधभर्ना हुने ऋण | ३० |
| २.७.१३.१० | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | नेपाल सरकार | नगद | १७,२० |
| २.७.१३.१० | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | एस.एस. डि. पि. | सोधभर्ना हुने अनुदान | २,७४ |
| २.७.१३.१० | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | एस.एस. डि. पि. | सोधभर्ना हुने ऋण | ४,८७ |
| २.७.१३.११ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परंपरागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | नेपाल सरकार | नगद | ४,१६ |
| २.७.१३.११ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परंपरागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | एस.एस. डि. पि. | सोधभर्ना हुने अनुदान | ६६ |
| २.७.१३.११ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परंपरागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | एस.एस. डि. पि. | सोधभर्ना हुने ऋण | १,१८ |
| २.७.१३.१३ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | नेपाल सरकार | नगद | ३९,५१ |
| २.७.१३.१३ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | एस.एस. डि. पि. | सोधभर्ना हुने अनुदान | ६,३० |
| २.७.१३.१३ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | एस.एस. डि. पि. | सोधभर्ना हुने ऋण | ११,१९ |
| २.७.१३.८ | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम् कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान | नेपाल सरकार | नगद | ११,०४ |
| २.७.१३.८ | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम् कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान | एस.एस. डि. पि. | सोधभर्ना हुने अनुदान | १,७६ |
| २.७.१३.८ | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम् कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान | एस.एस. डि. पि. | सोधभर्ना हुने ऋण | ३,१३ |
| ७.२.१.१ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति (आवासीय तथा गैरआवासीय) | नेपाल सरकार | नगद | ९,३६ |
| ७.२.१.१ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति (आवासीय तथा गैरआवासीय) | एस.एस. डि. पि. | सोधभर्ना हुने अनुदान | १,८७ |
| ७.२.१.१ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति (आवासीय तथा गैरआवासीय) | एस.एस. डि. पि. | सोधभर्ना हुने ऋण | २,३४ |
| **३६५०११०३** | **झोलुंगे पुल क्षेत्रगत कार्यक्रम (३६५०११०३)** | | | **३५,००** |
| ११.४.८.७८ | दिखवा दोभान, खमारे दोभान झो.पु, दिप्रुङ चुइचुम्मा गाउँपालिका, खोटाङ | नेपाल सरकार | नगद | ३५,०० |
| **३६५०११०९** | **साना सिंचाई कार्यक्रम (३६५०११०९)** | | | **१,१०,१४** |
| ११.४.१५.१२८ | नया सिचाई योजना, दिप्रुङ चेचुम्मा गाउँपालिका(४ वटा) | नेपाल सरकार | नगद | २३,१२ |
| ११.४.१५.१२८ | नया सिचाई योजना, दिप्रुङ चेचुम्मा गाउँपालिका(४ वटा) | स्वीट्जरल्याण्ड-एस सोझै भुक्तानी अनुदान | | ३०,६४ |
| ११.४.१५.९४ | करुवाखोला देखि पिपल डाँडा सम्म को राज कुलो ,दिप्रुङ चेचुम्मा गाउँपालिका २ | नेपाल सरकार | नगद | ७,८७ |
| ११.४.१५.९४ | करुवाखोला देखि पिपल डाँडा सम्म को राज कुलो ,दिप्रुङ चेचुम्मा गाउँपालिका २ | स्वीट्जरल्याण्ड-एस सोझै भुक्तानी अनुदान | | ९,६३ |

| शीर्षक /जिल्ला/कार्यक्रम | | | | जम्मा |
|---|---|---|---|---|
| ११.४.१५.९५ | गहुँथले सिंचाई आयोजना ,दिप्रुङ चेचुम्मा गाउँपालिका ,२ | नेपाल सरकार | नगद | १०,४८ |
| ११.४.१५.९५ | गहुँथले सिंचाई आयोजना ,दिप्रुङ चेचुम्मा गाउँपालिका ,२ | स्वीट्जरल्याण्ड-एस | सोझै भुक्तानी अनुदान | १२,८२ |
| ११.४.१५.९६ | टुके खोला कलि दोवान ,दिप्रुङ चेचुम्मा गाउँपालिका ,३ | नेपाल सरकार | नगद | ४,९८ |
| ११.४.१५.९६ | टुके खोला कलि दोवान ,दिप्रुङ चेचुम्मा गाउँपालिका ,३ | स्वीट्जरल्याण्ड-एस | सोझै भुक्तानी अनुदान | ६,०९ |
| ११.४.१५.९७ | चन्द्रखोला भेडिखोर तल्लो सिंचाई आयोजना ,दिप्रुङ चेचुम्मा गाउँपालिका ,५ | नेपाल सरकार | नगद | २,०३ |
| ११.४.१५.९७ | चन्द्रखोला भेडिखोर तल्लो सिंचाई आयोजना ,दिप्रुङ चेचुम्मा गाउँपालिका ,५ | स्वीट्जरल्याण्ड-एस | सोझै भुक्तानी अनुदान | २,४८ |
| **३७००१०१२** | **प्राथमिक स्वास्थ्य सेवा (३७००१०१२)** | | | **२,२२,९३** |
| ६.२.२.११ | स्थानीय तहका स्वास्थ्य चौकी,प्रा स्वा के र अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलव महगी भत्ता स्थानीय भत्ता पोषाक लगायत अन्य प्रशासनीक खर्च समेत | नेपाल सरकार | नगद | २,२२,९३ |
| **३७००११०१** | **क्षयरोग नियन्त्रण (३७००११०१)** | | | **२,४८** |
| २.६.५.१ | विश्व क्षयरोग दिवस मनाउने | नेपाल सरकार | नगद | १० |
| २.७.२२.३८ | उपचार केन्द्रहरुमा आकस्मिक अवस्थामा औसधि, ल्याब सामाग्री ढुवानी, स्थानीय तह सञ्चालन खर्च(फर्म फरमेट फोटोकपी,ममर्त सम्भार, ल्याव तथा आवश्यक सामाग्री खरिद) एवं क्षयरोगका बिरामीको व्यक्तिगत विवरण ई-टि.बि रजिस्टरमा अध्यावधिक | नेपाल सरकार | नगद | ४० |
| २.७.२२.३९ | स्वास्थ्य संस्थाबाट टाढा रहेका बस्ती तथा स्वास्थ्य सेवामा पहूच कम भएको जनसंख्यामा माइक्रोस्कोपिक क्याम्प सञ्चालन | नेपाल सरकार | नगद | १,२० |
| २.७.२२.४२ | पि.बि.सी. तथा क्षयरोगका विरामी तथा क्षयरोग भएका सबै बालबालिकामा सम्पर्कका सबै घरपरिवारका सदस्यहरूमा सम्पर्क परिक्षण, एवं j विरामीका घरपरिवारमा पाँच वर्ष मुनिका क्षयरोगको कुनै चिन्ह लक्षणा नभएका बालबालिकालाइ टि.बि. पि.टी कार्यक्रम | नेपाल सरकार | नगद | ८ |
| २.७.२२.४३ | समुदायमा निदान नभएका क्षयरोगका बिरामी उपचार दायरामा ल्याउन शिक्षक, समाजसेवी म.स्वा.स्व.से परीचालन | नेपाल सरकार | नगद | ४ |
| २.७.२२.४४ | उपचाररत क्षयरोगका बिरामीको उपचारको कोहर्ट नतिजा, कार्यक्रमको प्रगति एवं चुनौती र क्षयरोग कार्यक्रममा भएका नया बिषयमा उपचार केन्द्रका स्वास्थ्य कर्मीहरुलाई अध्यावधिक गर्ने उपचार केन्द्र स्तर कोहर्ट विश्लेषण कार्यक्रम | नेपाल सरकार | नगद | ६६ |
| **३७००११०३** | **एकीकृत महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रम (३७००११०३)** | | | **१८,६८** |
| ११.३.९.१ | परिवार योजन तथा प्रजनन स्वास्थ्य कार्यक्रमका लागि औजार/उपकरण खरिद | नेपाल सरकार | नगद | २७ |
| २.५.७.२ | मातृ तथा नवशिशु कार्यक्रमका लागि व्यक्ति करार | नेपाल सरकार | नगद | २,६६ |
| २.७.२२.२० | परिवार योजन तथा प्रजनन स्वास्थ्य कार्यक्रम | नेपाल सरकार | नगद | ५,२५ |
| २.७.२२.२१ | मातृ तथा नवशिशु कार्यक्रम | नेपाल सरकार | नगद | ३,५० |
| २.८.१.४ | मातृ तथा नवशिशु कार्यक्रम अनुगमन तथा सुपरिवेक्षण | नेपाल सरकार | नगद | १० |
| ७.१.१.३ | मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, ANC, न्यानो झोला, Vitamin K Magnesium Sulphate, Calcium Gluconate र निशुल्क गर्भपतन कार्यक्रम | नेपाल सरकार | नगद | ६,९० |
| **३७००११०४** | **एकिकृत बाल स्वास्थ्य एवं पोषण कार्यक्रम (३७००११०४)** | | | **१३,९६** |
| २.७.२२.२२ | पोषण कार्यक्रम (नेपाल सरकार) | नेपाल सरकार | नगद | ४,३७ |
| २.७.२२.२३ | पोषण कार्यक्रम (युनीसेफ) | युनिसेफ | सोझै भुक्तानी अनुदान | १,०० |
| २.७.२२.४९ | दानुरा रुवेला खोप अभियान | नेपाल सरकार | नगद | ९४ |
| २.७.२२.५० | रोटा खोप सुरुवात | नेपाल सरकार | नगद | ३० |
| २.७.२२.५१ | नियमित तथा पुर्ण खोप दिगोपना र खोप ढुवानी | नेपाल सरकार | नगद | ३,४३ |

| शीर्षक /जिल्ला/कार्यक्रम | | | | | जम्मा |
|---|---|---|---|---|---|
| | २.७.२२.५२ | खोप केन्द्र निमार्ण | नेपाल सरकार | नगद | ३,९२ |
| **३७००११०५** | **महामारी तथा रोग नियन्त्रण कार्यक्रम (३७००११०५)** | | | | **१,६९** |
| | २.७.२२.१ | रेबिज, सर्पदंश आदिको जनचेतनासम्बन्धि प्रचार प्रसार तथा दिवस मनाउने पशु पंक्षी आदीबाट हुने ईन्फुएन्जा, बर्ड फ्लु, ए यम आर सिष्टिसर्कोसिस, टक्सोप्लाज्मोसिस आदी विभिन्न सरुवारोग सम्बन्धि रोकथाम र सचेतना कार्यक्रम | नेपाल सरकार | नगद | २० |
| | २.७.२२.१० | नसर्ने रोग सम्बन्धि कार्यक्रम (अभिमुखिकरण, नसर्ने रोग तथा मानसिक स्वास्थ्यसम्बन्धि सचेतना कार्यक्रम(Hypertension, Diabetes, COPD, Cancer days ) ) | नेपाल सरकार | नगद | ७० |
| | २.७.२२.११ | मानसिक स्वास्थ्य सम्बन्धी महत्वपूर्ण दिवस मनाउने (आत्महत्या रोकथाम दिवस, मानसिक स्वास्थ्य दिवस, अल्जाईमर दिवस)मानसिक स्वास्थ्य समस्याबाट प्रभावित ब्यक्तिका परिवारका सदस्यहरु (स्याहारकर्ताहरु ) का लागी क्षमता अभिब्रिधी कार्यक्रम | नेपाल सरकार | नगद | १९ |
| | २.७.२२.३ | महामारी तथा प्रकोपजन्य रोगहरुको अबस्थामा RRT/ CRRT परिचालन गर्ने, चौमाशिक रिभ्यु तथा अभिमुखीकरण गर्ने | नेपाल सरकार | नगद | ६० |
| **३७००११०६** | **अपाङ्गता रोकथाम तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम (३७००११०६)** | | | | **८** |
| | १.१.१.४ | विश्व कुष्ठरोग दिवस तथा अपांगता दिवसको उपलक्ष्यमा कार्यक्रम | नेपाल सरकार | नगद | ८ |
| **३७००११०८** | **अस्पताल निर्माण सुधार तथा व्यवस्थापन सूचना प्रणाली (३७००११०८)** | | | | **१,९३** |
| | २.७.२२.१४ | स्थानीय तहका स्वास्थ्य संस्थाहरुको मासिक, चौमासिक समिक्षा, सूचना संकलन, गुणस्तर सुधार साथै विधुतिय प्रतिवेदनका लागि इन्टरनेट सेवा समशुल भुक्तानी समेत | नेपाल सरकार | नगद | १,९३ |
| **३७००११०९** | **राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र (३७००११०९)** | | | | **१,२५** |
| | १.१.२.१० | बिद्यालय स्वास्थ्य शिक्षा, आमा समूह तथा स्थानीय तहमा स्वास्थ्यका लागि सामाजिक व्यवहार परिवर्तन प्रवर्द्धन अभियान | नेपाल सरकार | नगद | १,२५ |
| **३७००१९०१** | **उपचारात्मक सेवा कार्यक्रम (३७००१९०१)** | | | | **१४,००** |
| | ६.२.२.१५ | आधारभूत स्वास्थ्य सेवा कार्यक्रमको लागि आवश्यक औषधि खरिद | नेपाल सरकार | नगद | ८,०० |
| | ६.२.२.१६ | औषधिको समुचित प्रयोग प्रवर्धनको लागि साथी समुह शिक्षा कार्यकम ( peer group discussion) तथा आधारभूत स्वास्थ्य सेवा सम्वन्धि स्तरीय उपचार पद्धिति अभिमुखिकरण तथा समिक्षा कार्यक्रम | नेपाल सरकार | नगद | १,२५ |
| | ६.२.२.१७ | आधारभूत तथा आकस्मिक सेवा स्वास्थ्य चौकी/प्रा. स्वा. के./ प्राथमिक अस्पतालको न्यूनतम सेवा मापदण्ड अनुगमन सम्वन्धि अभिमुखिकरण कार्यक्रम | नेपाल सरकार | नगद | ७५ |
| | ६.२.२.१८ | आधारभूत तथा आकस्मिक सेवाको सुनिश्चततका लागि औषधीको आपूर्ति र उपयोग, सम्वन्धि कार्यक्रमहरुको अनुगमन तथा मूल्याङकन (अनुगमन मुल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च) | नेपाल सरकार | नगद | ७५ |
| | ६.२.२.१९ | न्यूनतम सेवा मापदण्ड कार्यान्वयनका लागि आवश्यक औजार उपकरण तथा स्वास्थ्य समाग्री खरिद, मर्मत तथा व्यवस्थापन | नेपाल सरकार | नगद | १,०० |
| | ६.२.२.२० | विरामीको लागि ओ.पि.डि.टिकट (कार्वन कपी सहितको ) छपाई | नेपाल सरकार | नगद | ७५ |
| | ६.२.२.२१ | औषधि लगायतका सामाग्रीको ढुवानी तथा रिप्याकिङ र वितरण समेत | नेपाल सरकार | नगद | १,०० |
| | ६.२.२.२२ | आधारभूत स्वास्थ्य सेवा कार्यक्रमको लागि औषधिको पूर्वानुमान, परिमाण निर्धारण तथा स्पेशिफिकेसन तयार गर्न | नेपाल सरकार | नगद | ५० |

| शीर्षक /जिल्ला/कार्यक्रम | | | | जम्मा |
|---|---|---|---|---|
| **३७००१९०२** | **नर्सिङ तथा सामाजकि सुरक्षा सेवा कार्यक्रम (३७००१९०२)** | | | **१२** |
| २.७.२२.३६ | महीला स्वास्थ्य स्वयं सेविका कार्यक्रम (अर्ध वार्षिक समिक्षा र  दिवस मनाउने) | नेपाल सरकार | नगद | १२ |
| **३७१००१०२** | **प्रधानमन्त्री रोजगार कार्यक्रम (३७१००१०२)** | | | **५,२५** |
| १.१.१.६६ | तलव | नेपाल सरकार | नगद | ४,१७ |
| १.२.१.१ | रोजगार संयोजकहरुको लागि स्थानीय भत्ता | नेपाल सरकार | नगद | ४८ |
| १.३.१.२ | अस्थायी तथा करार कर्मचारीका लागि पोशाक | नेपाल सरकार | नगद | १० |
| २.४.१.२ | कार्यालय संचालन तथा मसलन्द खर्च | नेपाल सरकार | नगद | ५० |

# चालु खर्च

| चालु खर्च शिर्षक खर्च संकेत नं. | | बजेट खर्च शिर्षक | आ.व. ०७५/०७६ को बजेट | आ.व.०७६/०७७ को अनुमानीत वजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | २१११ | कर्मचारी तलव | १२५००००० | १२५००००० | |
| २ | २१११२ | पदाधिकारी पारिश्रामिक | २७००००० | २७००००० | |
| ३ | २११३२ | महंगी भत्ता | १०००००० | ५००००० | |
| ४ | २११३१ | स्थानीय भत्ता | १४५५००० | १०००००० | |
| ५ | २११४१ | पदाधिकारी बैठक भत्ता | ३०००००० | ३०००००० | |
| ६ | २११२१ | पोषक भत्ता | ४००००० | ४००००० | |
| ७ | २११३९ | कर्मचारी प्रोत्साहन भत्ता तथा अन्य | ५००००० | २६००००० | |
| ८ | २२१११ | पानी तथा विजुली | १५०००० | १५०००० | |
| ९ | २२११२ | संचार महशुल तथा इन्टरनेट महशुल | ७५०००० | १५००००० | |
| १० | २८१४२ | घर भाडा | ३००००० | ४००००० | |
| ११ | २५१४९ | अन्य भाडा | ३००००० | ३००००० | |
| १२ | २२२११ | इन्धन | २५००००० | २५००००० | |
| १३ | | संचालन तथा मर्मत सम्भार | १०००००० | १०००००० | |
| १४ | २२३११ | कार्यलय सम्बन्धि खर्च | ३०००००० | ३०००००० | |
| १५ | २२२१४ | विमा | २५०००० | २५०००० | |
| १६ | | पुस्तक तथा पत्रपत्रिका प्रकाशन | १००००० | ५००००० | |
| १७ | २२३१४ | इन्धन तथा प्रयोजन | २००००० | २००००० | |
| १८ | २२२०० | पूजिगत सार्वजानिक सम्पती मर्मत सम्भार | ७००००० | १०००००० | |
| १९ | २२४११ | सेवा पार्मश खर्च | ५००००० | ५००००० | |
| २० | २२५११ | तालिम तथा गोष्ठी | ७००००० | ७००००० | |
| २१ | २२५२९ | अन्य कर्यक्रम खर्च | ५००००० | ७००००० | |
| २२ | २२६१० | अनुगमन मूयाङन तथा भ्रमण खर्च | ३५००००० | १३००००० | |
| २३ | | अवलोक भ्रमण | १०००००० | १०००००० | |
| २४ | २८९११ | भैपरि आउने चालु खर्च | १५००००० | १५००००० | |
| २५ | २२७११ | विविध खर्च | १०००००० | ११५०००० | |
| २६ | २११३४ | कर्मचारी बैठक भत्ता | ८००००० | ८००००० | |
| २७ | २२३१५ | पत्रपत्रिका छपाई सुचना प्रकासन खर्च | ५००००० | १०००००० | |
| २८ | २२४१३ | करार सेवा | १५००००० | १०५०००० | |
| २९ | | फर्निचर तथा फर्निसिङ | ३५००००० | ३५००००० | |
| ३० | | वडा सञ्चालन खर्च ७ वटा वडालाई | | २८००००० | |
| ३१ | | अतिथि सत्कार | | ५००००० | |
| | | | ४५८०५००० | ५०००००००० | |